Docskool
Documentary Open School

# चलचित्र विषयक तलिमका लागि अभ्यास

## चलचित्र कार्यशालाका लागि अभ्यासहरु

(निम्न अभ्यासहरु चलचित्र को स्वरुप, प्रकृति, प्रयोग बुझाउन बनाइएकाछन्। विभिन्न तालिमहरुमा यि अभ्यासहरु प्रयोग गर्न सकिनेछ। यहाँ प्रस्तुत धैरै अभ्यासहरु 'Insights into Participatory Video: A handbook for the field' बाट समेटिएकोछ। सो पुस्तिका नेल्सन पार्करले २०११ मा र डेभिड गेर्मानोले २०13 मा तयार पारेका हुन्। डकस्कुलका लागि नेपालि अनुवाद क्षितिज अधिराज (२०२२)। )

## २. चलचित्र निर्माण आधारभुत अभ्यास ( ४५ मिनेट)

### शट

- कुनै फिल्म प्रदर्शन गरि शट चिनाउन सकिन्छ। सहभागिहरुलाई प्रत्यक शट परिवर्तन हुदा थपडि बजाउन भन्नुहोस।
- चलचित्र निर्माण कथा भने जस्तै हो, यस्मा शटहरुले लेखनमा वाक्यलेझै काम गर्छन् भनि बुझाउन सकिन्छ। शटहरुको भुमिका विशेस हुनुपर्दछ र विषय सम्प्रेषण गर्नु पर्दछ।
- कुनैपनि अवस्थामा शटहरु सङ्गै राख्दा तिनले नौलो विषय सम्प्रेषण गर्दछन् भनि जानकारि दिनुहोस्। उदाहरणका लागि बाक्लो धँवा फालिरहेको फेक्टरिको चिम्नि पछि खोक्दै गरेको मानिसको शट राख्दा, ति व्यक्तिलाई वायु प्रदुषणका कारण खोकी लागेको सन्देश प्रवाह हुन्छ, तर सोहि खोकि रहेको व्यक्ति को शट पछाडि चुरोटको धुवाँ राख्दा तिनलाई चुरोट सेवन गर्नाले खोकि लागेको हो भन्ने जानकारि लिन सकिन्छ।

### चित्र राम्रा कसरि बनाउने?

- **Framing -** चित्रमा कुनै विषय हुनु आवस्यक हुन्छ, जस्को निस्चित उचाई छ र त्यसलाई निश्चित एङ्गल बाट देखाईएको हुनपर्छ। (विशेस कारण छैनभने विषयलाई सँधै **Eye Level** मा देखाइनुपर्दछ।

- Exposure - चित्र आवस्यक मात्रामा उज्यालो हुनपर्दछ (धैरै वा थौरै नभई ठिक्क प्रकाश परेको हुनुपर्दछ)। Exposure मिलाउन क्यामेरालाई धैरै उज्यालो वस्तु तर्फ नतेर्साउनु राम्रो उपाय हो ।

- Colour Balance - चित्रमा देखाएको रङ्ग ठिक देखिनुपर्दछ। कहिले काहिँ चित्रको रङ्ग फङ्ग उडेको वा धैरै निलो या सुन्तला रङ्गको देखिन सक्छ। यसका लागि क्यामेरामा भएको Colour Balance मिलाउन सकिन्छ।

- Focus - आफ्नो विषय सँधै फोकसमा हुनु आवस्यक छ। कहिले काहिँ पात्रहरुको गोप्रियताकोलागि पात्रको अनुहार फोकस नगर्न पनि सकिन्छ।

- Movement - क्यामेरा को मुभमेन्ट निर्उद्धेश्य गरिनु हुदैन, यसो गर्नाले चलचित्रको कथन बिग्रन जान्छ। हातले समाइ क्यामेरा चलाउदा, क्यामेरा जति सक्दो स्थिर बनाई चलाउनु पर्छ। Tripod मा क्यामेराले केवल Pan या Tilt मात्र गर्न सक्छ। आवस्यक परे Zoom पनि गर्न सकिन्छ।

### ध्वनि सम्बन्धि

चलचित्र निर्माणका लागि ध्वनि नभइ नहुने विषय हो। ध्वनिको प्रयोगलाई ध्यान नपुर्याउदा, चलचित्र मिलाउनै नमिल्ने गरि बिग्रिएको धैरै पाईन्छ। डकुमेन्टरि चलचित्रमा ध्वनि निम्न विधिमा प्रयोग भएको पाईन्छ।

- **Voice Over Narration**
  नरेसन (उद्घोषण) का दौरान चलचित्रको प्रयोग। चल्त्रका शटमाथि उद्घोषण राखि प्रयोग गरिन्छ।

- **Cut – Away shot during Interview ( Cut away)**
  अन्तरवार्ताको बिचमा चलचित्रका शटहरु राख्न सकिन्छ। इन्टरभ्युलाई अघि वा पछि वा देखाउदै नदेखाउने पनि गर्न सकिन्छ।

- **Music**
  डकुमेन्टरि वा कथानक दुवै खाले चलचित्रमा सङ्गितको भुमिका ठुलो हुनछ। तथापि सङ्गितलाई कहाँ र कुन परिवेषमा प्रयोग गर्ने भनि चलचित्रकर्मी सचेत हुनु आवस्यक छ। सङ्गितले चलचित्रमा इमोसन थप्ने हुँदा सो लाई निस्चित मात्रामा मात्रै प्रयोग गर्नु पर्दछ। इमोसन प्रवाह गर्ने भएकै कारण सङ्गितलाई फिल्ममा जता ततै राख्ने पनि गर्नु हुदैन।

**तालिम लगाएत डकस्कुलका अतिरिक्त गतिविधी बारे बुझ्न डकस्कुलमा सम्पर्क गर्न सकिन्छ ।**

House 142, Panchayan Marg, Thapathali, Kathmandu - Nepal
Email: docskoolnepal@gmail.com, Phone: -015351709; docskool.org.np